लोक सेवा आयोगका सूचनाहरु

केन्द्रीय कार्यालय, कमलपोखरी

सूचना तथा प्रकाशन शाखा

निजामती सेवाका राजपत्राङ्कित तृतीय श्रेणी तथा राष्ट्रिय मानव अधिकार सेवाका अधिकृत तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह (अप्राविधिक/प्राविधिक) पदहरूको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

सूचना नं. ७८७/०८३-८४

वेवसाइटमा प्रकाशन मितिः २०८३/७/२५
गोरखापत्रमा प्रकाशन मितिः २०८३/७/२८

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदका लागि निजामती सेवा ऐन, २०४९ को दफा २४ घ१क बमोजिम सम्भाव्य उम्मेदवारले लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८३/८/२९ गते सम्ममा काठमाडौं उपत्यकाको हकमा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका कार्यालयहरूमा दरखास्त दिनु हुन सूचना गरिन्छ। यसरी पर्न आएका दरखास्तहरू आयोगका कार्यालयहरूले दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा पठाउनेछन् र दरखास्त व्यवस्थापन केन्द्रले प्राप्त हुन आएका दरखास्त फारामहरूलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ। राष्ट्रिय मानव अधिकार सेवाको हकमा राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीको सेवाका सर्त र सुविधा सम्बन्धी नियमावली, २०७२ को नियम ३२ बमोजिम सम्भाव्य उम्मेदवारले राष्ट्रिय मानव अधिकार आयोगको बढुवा समितिको सचिवालयमा दरखास्त फाराम बुझाउनु पर्नेछ।

<u>उम्मेदवारहरूले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरू</u>

(क) निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्नेछ।

(ख) राष्ट्रिय मानव अधिकार सेवाको हकमा राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीहरूको सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली, २०७२ को नियम ३३ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।

(ग) दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) बाट आफूले पाएको सङ्केत नम्बर उल्लेख गर्नुपर्नेछ।

(घ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।

(ङ) दरखास्तसाथ बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

(च) दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ। मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणीमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण छुट्टै पानामा खुलाई दरखास्त फाराम साथ पेश गर्नुपर्नेछ।

(छ) दरखास्त फाराम पेश गर्दा आयोगको वेवसाईटमा रहेको बढुवा दरखास्त फारामसाथ संलग्न गर्नुपर्ने कागजातहरूको सूची (Check list) समेत भरी पेश गर्नुपर्नेछ।

(ज) बढुवा दरखास्त दस्तुर रु. १,२००।- (एक हजार दुई सय) उम्मेदवारको नाम र बढुवा सूचना नम्बर उल्लेख गरी दरखास्त व्यवस्थापन केन्द्रको कार्यालय कोड २१००१३५०२ र राजश्व शिर्षक नं. १४२२४ मा नेपाल सरकारको राजश्व प्लेटफर्म मार्फत दाखिला गर्नुपर्नेछ।

(झ) म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

(ञ) दरखास्त फाराम लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

(क) निजामती सेवातर्फ

क्र.सं.	बढुवा सूचना नम्बर	पद, सेवा, समूह, उपसमूह	पद संख्या
(अ)	**अप्राविधिकतर्फ**		
१.	११९/०८३-८४	शाखा अधिकृत वा सो सरह, न्याय, न्याय	१६ (सोह्र)
२.	१२०/०८३-८४	शाखा अधिकृत वा सो सरह, न्याय, कानून	७ (सात)
३.	१२१/०८३-८४	शाखा अधिकृत वा सो सरह, न्याय, सरकारी वकिल	५ (पाँच)
४.	१२२/०८३-८४	शाखा अधिकृत वा सो सरह, प्रशासन, सामान्य प्रशासन	१९ (उन्नाइस)
५.	१२३/०८३-८४	लेखा अधिकृत, प्रशासन, लेखा	८ (आठ)
६.	१२४/०८३-८४	लेखापरीक्षण अधिकारी, लेखापरीक्षण	४ (चार)
(आ)	**प्राविधिक सेवातर्फ**		
१.	१२५/०८३-८४	तथ्याङ्क अधिकृत, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क	१ (एक)
२.	१२६/०८३-८४	इञ्जिनियर, इञ्जि., सिभिल, जनरल	१० (दश)
३.	१२७/०८३-८४	इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे	९ (नौ)
४.	१२८/०८३-८४	इञ्जिनियर, इञ्जि., सिभिल, स्यानिटरी	४ (चार)
५.	१२९/०८३-८४	इञ्जिनियर, इञ्जि., सिभिल, वि. एण्ड आ.	७ (सात)
६.	१३०/०८३-८४	इञ्जिनियर, इञ्जि., सिभिल, हाइड्रोपावर	१ (एक)
७.	१३१/०८३-८४	इलेक्ट्रोनिक इञ्जिनियर, इञ्जि., इलेक्ट्रोनिक एण्ड टेलिकम्यूनिकेशन	२ (दुई)
८.	१३२/०८३-८४	मेकानिकल इञ्जिनियर, इञ्जि., मेकानिकल, जनरल मेकानिकल	४ (चार)
९.	१३३/०८३-८४	माइनिङ्ग इञ्जिनियर, इञ्जि., माइनिङ्ग इञ्जिनियरिङ्ग	१ (एक)
१०.	१३४/०८३-८४	केमिकल इञ्जिनियर, इञ्जि., केमिकल इञ्जिनियरिङ्ग	१ (एक)

क्र.सं.	बढुवा सूचना नम्बर	पद, सेवा, समूह, उपसमूह	पद संख्या
११.	१३५/०८३-८४	जियोलोजिष्ट/माइनिङ्ग जियोलोजिष्ट/जियोकेमिस्ट टेक्निसियन/जियोफिजिसिष्ट, इञ्जि., जियोलोजी, जनरल जियोलोजी	३ (तीन)
१२.	१३६/०८३-८४	नापी अधिकृत, इञ्जि., सर्भे	७ (सात)
१३.	१३७/०८३-८४	केमिष्ट, इञ्जि., केमिष्ट्री	३ (तीन)
१४.	१३८/०८३-८४	खाद्य अनुसन्धान अधिकृत, कृषि, खा.पो. तथा ग्.नि.	२ (दुई)
१५.	१३९/०८३-८४	वन अधिकृत, वन, जनरल फरेष्ट्री	९ (नौ)
१६.	१४०/०८३-८४	संरक्षण अधिकृत, वन, ने.पा.एण्ड वा.ला.	३ (तीन)
१७.	१४१/०८३-८४	वैज्ञानिक अधिकृत, वन, वोटनी	१ (एक)
१८.	१४२/०८३-८४	वातावरण निरीक्षक, वन, वातावरण	३ (तीन)
१९.	१४३/०८३-८४	कम्प्युटर अधिकृत, विविध	३ (तीन)
२०.	१४४/०८३-८४	कम्प्युटर इञ्जिनियर, विविध	३० (तीस)
२१.	१४५/०८३-८४	अर्थशास्त्री, विविध	२ (दुई)
२२.	१४६/०८३-८४	मुद्रण अधिकृत, शिक्षा, मुद्रण व्यवस्थापन, मुद्रण व्यवस्थापन	१ (एक)
२३.	१४७/०८३-८४	पुरातत्व अधिकृत, शिक्षा, पुरातत्व, पुरातत्व	४ (चार)
२४.	१४८/०८३-८४	संग्रहालय अधिकृत, शिक्षा, पुरातत्व, संग्रहालय	३ (तीन)
(ख)	**राष्ट्रिय मानव अधिकार सेवातर्फ**		
१.	१४९/०८३-८४	मानव अधिकार अधिकृत, राष्ट्रिय मानव अधिकार, अधिकृत तृतीय	३ (तीन)

स्वास्थ्य सेवाका सातौं तहका पदहरूमा कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने समायोजनद्वारा हुने बढुवाको सूचना

सूचना नं. ७८८/०८३-८४

वेवसाइटमा प्रकाशन मितिः २०८३/७/२५

गोरखापत्रमा प्रकाशन मितिः २०८३/७/२८

स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८(१) बमोजिम कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने समायोजनद्वारा पूर्ति गर्नुपर्ने देहायका पदहरूका लागि सम्भाव्य उम्मेदवारहरूले लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८३/८/२९ गते सम्ममा काठमाडौं उपत्यकाको हकमा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका कार्यालयहरूमा दरखास्त दिनु हुन सूचना गरिन्छ। यसरी पर्न आएका दरखास्तहरू आयोगका कार्यालयहरूले दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा पठाउनेछन् र दरखास्त व्यवस्थापन केन्द्रले प्राप्त हुन आएका दरखास्त फाराम हरूलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ।

<u>उम्मेदवारहरूले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरू</u>

(क) स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २७ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्नेछ।

(ख) दरखास्त साथ स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ बमोजिम स्तर वृद्धि भएको पत्र र तल्लो तहको नियुक्ति पत्र पेश गर्नुपर्नेछ।

(ग) दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) बाट आफूले पाएको सङ्केत नम्बर उल्लेख गर्नुपर्नेछ।

(घ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

(ङ) दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ। मूल्याङ्कनको लागि गणना हुने पछिल्ला वर्षको कार्यसम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन विदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण छुट्टै पानामा खुलाई दरखास्त फाराम साथ पेश गर्नुपर्नेछ।

(च) दरखास्त फाराम पेश गर्दा आयोगको वेवसाईटमा रहेको बढुवा दरखास्त फारामसाथ संलग्न गर्नुपर्ने कागजातहरूको सूची (Check list) समेत भरी पेश गर्नुपर्नेछ।

(छ) बढुवा दरखास्त दस्तुर रु. १,२००।- (एक हजार दुई सय) उम्मेदवारको नाम र बढुवा सूचना नम्बर उल्लेख गरी दरखास्त व्यवस्थापन केन्द्रको कार्यालय कोड २१००१३५०२ र राजश्व शिर्षक नं. १४२२४ मा नेपाल सरकारको राजश्व प्लेटफर्म मार्फत दाखिला गर्नुपर्नेछ।

(ज) म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

(झ) दरखास्त फाराम लोक सेवा आयोगको वेवसाइट www.psc.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

क्र.सं.	बढुवा सूचना नम्बर	पद, सेवा, समूह, उपसमूह	पद संख्या
१.	१५०/०८३-८४	नर्सिङ्ग अधिकृत, स्वास्थ्य, जनरल नर्सिङ्ग	१ (एक)
२.	१५१/०८३-८४	मेडिकल ल्याब टेक्नोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे.	१ (एक)
३.	१५२/०८३-८४	माइक्रोबायोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., माइक्रोबायोलोजी	१ (एक)
४.	१५३/०८३-८४	जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हेल्थ इन्सपेक्सन	१ (एक)
५.	१५४/०८३-८४	फार्मेसी अधिकृत, स्वास्थ्य, फार्मेसी	१ (एक)
६.	१५५/०८३-८४	फिजियोथेरापिष्ट, स्वास्थ्य, फिजियोथेरापी	१ (एक)

निजामती सेवा र सङ्घीय संसद सेवाका राजपत्राङ्कित तृतीय श्रेणी, राष्ट्रिय मानव अधिकार सेवाका अधिकृत तृतीय श्रेणी शाखा अधिकृत वा सो सरह (अप्राविधिक/प्राविधिक) तथा स्वास्थ्य सेवा आठौं र सातौं तहका पदहरूको आ.प्र., खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

सूचना नं. ७८९/०८३-८४

वेवसाइटमा प्रकाशन मितिः २०८३/७/२५

गोरखापत्रमा प्रकाशन मितिः २०८३/७/२८

निजामती सेवा र सङ्घीय संसद सेवा तथा राष्ट्रिय मानव अधिकार सेवाका निम्न सेवा, समूह तथा श्रेणीका खुला तथा समावेशी पदहरूमा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली **psconline1.psc.gov.np** मार्फत आवेदन दिनुपर्नेछ।

(क) निजामती सेवा, राजपत्राङ्कित तृतीय श्रेणी (अप्राविधिक)

(अ) न्याय सेवा

क्र.सं.	विज्ञापन नम्बर	विज्ञापनको किसिम	क्र.सं.	सेवा	समूह	माग पद विवरण		
						पुनः विज्ञापन	माग पद संख्या	जम्मा माग पद संख्या
१.	१६६७४/०८३-८४	खुला	क.	न्याय	न्याय	-	२२ (बाईस)	२२ (बाईस)
			ख.	न्याय	कानून	-	८ (आठ)	८ (आठ)
			ग.	न्याय	सरकारी वकिल	-	७ (सात)	७ (सात)
					जम्मा			**३७ (सैंतीस)**
२.	१६६७५/०८३-८४	महिला	क.	न्याय	न्याय	-	५ (पाँच)	५ (पाँच)
			ख.	न्याय	कानून	-	२ (दुई)	२ (दुई)
			ग.	न्याय	सरकारी वकिल	-	१ (एक)	१ (एक)
					जम्मा			**८ (आठ)**
३.	१६६७६/०८३-८४	आ.ज.	क.	न्याय	न्याय	-	५ (पाँच)	५ (पाँच)
			ख.	न्याय	कानून	-	२ (दुई)	२ (दुई)
			ग.	न्याय	सरकारी वकिल	-	२ (दुई)	२ (दुई)
					जम्मा			**९ (नौ)**
४.	१६६७७/०८३-८४	मधेशी	क.	न्याय	न्याय	-	४ (चार)	४ (चार)
			ख.	न्याय	कानून	-	२ (दुई)	२ (दुई)
			ग.	न्याय	सरकारी वकिल	-	२ (दुई)	२ (दुई)
					जम्मा			**८ (आठ)**
५.	१६६७८/०८३-८४	दलित	क.	न्याय	न्याय	-	२ (दुई)	**२ (दुई)**
६.	१६६७९/०८३-८४	अपाङ्ग	क.	न्याय	न्याय	-	१ (एक)	१ (एक)
			ख.	न्याय	कानून	-	१ (एक)	१ (एक)
					जम्मा			**२ (दुई)**
७.	१६६८०/०८३-८४	पि.क्षे.	क.	न्याय	न्याय	-	१ (एक)	१ (एक)
			ख.	न्याय	कानून	-	१ (एक)	१ (एक)
					जम्मा			**२ (दुई)**

(आ) परराष्ट्र, प्रशासन, लेखापरीक्षण सेवा र सङ्घीय संसद सेवा (संयुक्त र एकीकृत)

क्र.सं.	विज्ञापन नम्बर	विज्ञापनको किसिम	क्र.सं.	सेवा	समूह	माग पद विवरण		
						पुनः विज्ञापन	माग पद संख्या	जम्मा माग पद संख्या
१.	१६६८१/०८३-८४	खुला	क.	परराष्ट्र	-	-	१ (एक)	१ (एक)
			ख.	प्रशासन	सामान्य प्रशासन	-	२४ (चौबीस)	२४ (चौबीस)
			ग.	प्रशासन	लेखा	-	११ (एघार)	११ (एघार)
			घ.	लेखापरीक्षण	-	-	६ (छ)	६ (छ)
			ङ.	सङ्घीय संसद	सामान्य प्रशासन	-	१ (एक)	१ (एक)
					जम्मा			**४३ (त्रिचालीस)**
२.	१६६८२/०८३-८४	महिला	क.	परराष्ट्र	-	-	१ (एक)	१ (एक)
			ख.	प्रशासन	सामान्य प्रशासन	-	७ (सात)	७ (सात)
			ग.	प्रशासन	लेखा	-	३ (तीन)	३ (तीन)
			घ.	लेखापरीक्षण	-	-	२ (दुई)	२ (दुई)
					जम्मा			**१३ (तेह्र)**
३.	१६६८३/०८३-८४	आ.ज.	क.	प्रशासन	सामान्य प्रशासन	-	५ (पाँच)	५ (पाँच)
			ख.	प्रशासन	लेखा	-	२ (दुई)	२ (दुई)
			ग.	लेखापरीक्षण	-	-	१ (एक)	१ (एक)
					जम्मा			**८ (आठ)**

४.	१६६८४/०८३-८४	मधेशी	क.	प्रशासन	सामान्य प्रशासन	-	५ (पाँच)	५ (पाँच)
			ख.	प्रशासन	लेखा	-	२ (दुई)	२ (दुई)
			ग.	लेखापरीक्षण	-	-	१ (एक)	१ (एक)
			जम्मा					**८ (आठ)**
५.	१६६८५/०८३-८४	दलित	क.	प्रशासन	सामान्य प्रशासन	-	२ (दुई)	२ (दुई)
६.	१६६८६/०८३-८४	अपाङ्ग	क.	प्रशासन	सामान्य प्रशासन	-	१ (एक)	१ (एक)
७.	१६६८७/०८३-८४	पि.क्षे.	क.	प्रशासन	लेखा	-	१ (एक)	१ (एक)

(ख) निजामती सेवा, राजपत्राङ्कित तृतीय श्रेणी (प्राविधिक)

क्र.सं.	विज्ञापन नम्बर	पद, सेवा, समूह, उपसमूह	विज्ञापनको किसिम	पुनः विज्ञापन पद संख्या	माग पद संख्या	जम्मा माग पद संख्या	लिखित परीक्षा कार्यक्रम (समय : दिनको २:०० बजे)	
							प्रथम पत्र	द्वितीय पत्र
१.	१७२६२/०८३-८४	तथ्याङ्क अधिकृत, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क	खुला	-	२ (दुई)	२ (दुई)	२०८३।१०।१४	२०८३।१०।१५
२.	१७२६३/०८३-८४	तथ्याङ्क अधिकृत, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क	महिला	-	१ (एक)	१ (एक)		
३.	१७२६४/०८३-८४	तथ्याङ्क अधिकृत, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क	आ.ज.	-	१ (एक)	१ (एक)		
४.	१७२६५/०८३-८४	तथ्याङ्क अधिकृत, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क	मधेसी	-	१ (एक)	१ (एक)		
५.	१७२६६/०८३-८४	क. इञ्जिनियर, इञ्जि., सिभिल, जनरल	खुला	-	१३ (तेह्र)	१३ (तेह्र)	२०८३।१२।२०	२०८३।१२।२१
		ख. इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे		-	१२ (बाह्र)	१२ (बाह्र)		
		ग. इञ्जिनियर, इञ्जि., सिभिल, स्यानिटरी		-	५ (पाँच)	५ (पाँच)		
		घ. इञ्जिनियर, इञ्जि., सिभिल, हाइड्रोपावर		-	१ (एक)	१ (एक)		
		जम्मा		-	**३१ (एकतीस)**	**३१ (एकतीस)**		
६.	१७२६७/०८३-८४	क. इञ्जिनियर, इञ्जि., सिभिल, जनरल	महिला	-	४ (चार)	४ (चार)		
		ख. इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे		-	३ (तीन)	३ (तीन)		
		ग. इञ्जिनियर, इञ्जि., सिभिल, स्यानिटरी		-	१ (एक)	१ (एक)		
		जम्मा		-	**८ (आठ)**	**८ (आठ)**		
७.	१७२६८/०८३-८४	क. इञ्जिनियर, इञ्जि., सिभिल, जनरल	आ.ज.	-	३ (तीन)	३ (तीन)		
		ख. इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे		-	२ (दुई)	२ (दुई)		
		ग. इञ्जिनियर, इञ्जि., सिभिल, स्यानिटरी		-	१ (एक)	१ (एक)		
		जम्मा		-	**६ (छ)**	**६ (छ)**		
८.	१७२६९/०८३-८४	क. इञ्जिनियर, इञ्जि., सिभिल, जनरल	मधेशी	-	२ (दुई)	२ (दुई)		
		ख. इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे		-	३ (तीन)	३ (तीन)		
		ग. इञ्जिनियर, इञ्जि., सिभिल, स्यानिटरी		-	१ (एक)	१ (एक)		
		जम्मा		-	**६ (छ)**	**६ (छ)**		
९.	१७२७०/०८३-८४	क. इञ्जिनियर, इञ्जि., सिभिल, जनरल	दलित	-	२ (दुई)	२ (दुई)		
		ख. इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे		-	१ (एक)	१ (एक)		
		ग. इञ्जिनियर, इञ्जि., सिभिल, स्यानिटरी		-	१ (एक)	१ (एक)		
		जम्मा		-	**४ (चार)**	**४ (चार)**		
१०.	१७२७१/०८३-८४	इञ्जिनियर, इञ्जि., सिभिल, हाइड्रोपावर	अपाङ्ग	-	१ (एक)	१ (एक)		
११.	१७२७२/०८३-८४	इञ्जिनियर, इञ्जि., सिभिल, वि. एण्ड आ.	खुला	-	९ (नौ)	९ (नौ)	२०८३।१२।२२	२०८३।१२।२३
१२.	१७२७३/०८३-८४	इञ्जिनियर, इञ्जि., सिभिल, वि. एण्ड आ.	महिला	-	३ (तीन)	३ (तीन)		
१३.	१७२७४/०८३-८४	इञ्जिनियर, इञ्जि., सिभिल, वि. एण्ड आ.	आ.ज.	-	२ (दुई)	२ (दुई)		
१४.	१७२७५/०८३-८४	इञ्जिनियर, इञ्जि., सिभिल, वि. एण्ड आ.	मधेसी	-	१ (एक)	१ (एक)		
१५.	१७२७६/०८३-८४	इञ्जिनियर, इञ्जि., सिभिल, वि. एण्ड आ.	दलित	-	१ (एक)	१ (एक)		
१६.	१७२७७/०८३-८४	इलेक्ट्रोनिक इञ्जिनियर, इञ्जि., इलेक्ट्रोनिक्स एण्ड टेलिकम्युनिकेशन इञ्जिनियरिङ्ग	खुला	-	२ (दुई)	२ (दुई)	२०८३।१०।१६	२०८३।१०।१७
१७.	१७२७८/०८३-८४	इलेक्ट्रोनिक इञ्जिनियर, इञ्जि., इलेक्ट्रोनिक्स एण्ड टेलिकम्युनिकेशन इञ्जिनियरिङ्ग	आ.ज.	-	१ (एक)	१ (एक)		
१८.	१७२७९/०८३-८४	मेकानिकल इञ्जिनियर, इञ्जि., मेकानिकल, जनरल मेकानिकल	खुला	-	५ (पाँच)	५ (पाँच)	२०८३।१०।१८	२०८३।१०।१९
१९.	१७२८०/०८३-८४	मेकानिकल इञ्जिनियर, इञ्जि., मेकानिकल, जनरल मेकानिकल	महिला	-	२ (दुई)	२ (दुई)		
२०.	१७२८१/०८३-८४	मेकानिकल इञ्जिनियर, इञ्जि., मेकानिकल, जनरल मेकानिकल	आ.ज.	-	२ (दुई)	२ (दुई)		
२१.	१७२८२/०८३-८४	मेकानिकल इञ्जिनियर, इञ्जि., मेकानिकल, जनरल मेकानिकल	मधेसी	-	१ (एक)	१ (एक)		
२२.	१७२८३/०८३-८४	केमिकल इञ्जिनियर, इञ्जि., केमिकल इन्जिनियरिङ्ग	खुला	-	२ (दुई)	२ (दुई)	२०८३।१०।२०	२०८३।१०।२१
२३.	१७२८४/०८३-८४	केमिकल इञ्जिनियर, इञ्जि., केमिकल इन्जिनियरिङ्ग	महिला	-	१ (एक)	१ (एक)		
२४.	१७२८५/०८३-८४	केमिकल इञ्जिनियर, इञ्जि., केमिकल इन्जिनियरिङ्ग	मधेशी	-	१ (एक)	१ (एक)		

२५.	१७२८६/०८३-८४	मेटेरियोलोजिष्ट, इञ्जि., मेटेरियोलोजी	खुला	-	१ (एक)	१ (एक)	२०८३।१०।२२	२०८३।१०।२३
२६.	१७२८७/०८३-८४	मेटेरियोलोजिष्ट, इञ्जि., मेटेरियोलोजी	दलित	१ (एक)	-	१ (एक)		
२७.	१७२८८/०८३-८४	**क.** जियोलोजिष्ट/माइनिङ्गजियोलोजिष्ट/जियोकेमिस्ट टेक्निसियन/जियोफिजिसिष्ट, इञ्जि., जियोलोजी, जनरल जियोलोजी	खुला	-	४ (चार)	४ (चार)	२०८३।१०।२४	२०८३।१०।२५
		ख. इञ्जिनियरिङ्ग जियोलोजिष्ट, इञ्जि., जियोलोजी, इञ्जि. जियोलोजी		-	१ (एक)	१ (एक)		
जम्मा					**५ (पाँच)**	**५ (पाँच)**		
२८.	१७२८९/०८३-८४	**क.** जियोलोजिष्ट/माइनिङ्गजियोलोजिष्ट/जियोकेमिस्ट टेक्निसियन/जियोफिजिसिष्ट, इञ्जि.,जियोलोजी, जनरल जियोलोजी	महिला	-	१ (एक)	१ (एक)		
२९.	१७२९०/०८३-८४	**क.** जियोलोजिष्ट/माइनिङ्गजियोलोजिष्ट/जियोकेमिस्ट टेक्निसियन/जियोफिजिसिष्ट, इञ्जि., जियोलोजी, जनरल जियोलोजी	आ.ज.	-	१ (एक)	१ (एक)		
		ख. इञ्जिनियरिङ्ग जियोलोजिष्ट, इञ्जि., जियोलोजी, इञ्जि. जियोलोजी		-	१ (एक)	१ (एक)		
जम्मा				-	**२ (दुई)**	**२ (दुई)**		
३०.	१७२९१/०८३-८४	एयर ट्राफिक कन्ट्रोलर अधिकृत , इञ्जि.,सिभिल एभियशन अपरेशन एण्ड इञ्जिनियरिङ्ग, सिभिल एभियशन अपरेशन	खुला	-	१ (एक)	१ (एक)	२०८३।१०।२६	२०८३।१०।२७
३१.	१७२९२/०८३-८४	एयर ट्राफिक कन्ट्रोलर अधिकृत , इञ्जि., सिभिल एभियशन अपरेशन एण्ड इञ्जिनियरिङ्ग, सिभिल एभियशन अपरेशन	दलित	-	१ (एक)	१ (एक)		
३२.	१७२९३/०८३-८४	नापी अधिकृत, इञ्जि., सर्भे	खुला	-	११ (एघार)	११(एघार)	२०८३।१०।२८	२०८३।१०।२९
३३.	१७२९४/०८३-८४	नापी अधिकृत, इञ्जि., सर्भे	महिला	-	३ (तीन)	३ (तीन)		
३४.	१७२९५/०८३-८४	नापी अधिकृत, इञ्जि., सर्भे	आ.ज.	-	२ (दुई)	२ (दुई)		
३५.	१७२९६/०८३-८४	नापी अधिकृत, इञ्जि., सर्भे	मधेसी	-	२ (दुई)	२ (दुई)		
३६.	१७२९७/०८३-८४	नापी अधिकृत, इञ्जि., सर्भे	पि.क्षे.	-	१ (एक)	१ (एक)		
३७.	१७२९८/०८३-८४	केमिष्ट, इञ्जि., केमिष्ट्री	खुला	-	५ (पाँच)	५ (पाँच)	२०८३।११।०१	२०८३।११।०२
३८.	१७२९९/०८३-८४	केमिष्ट, इञ्जि., केमिष्ट्री	महिला	-	१ (एक)	१ (एक)		
३९.	१७३००/०८३-८४	केमिष्ट, इञ्जि., केमिष्ट्री	आ.ज.	-	१ (एक)	१ (एक)		
४०.	१७३०१/०८३-८४	केमिष्ट, इञ्जि., केमिष्ट्री	मधेसी	-	१ (एक)	१ (एक)		
४१.	१७३०२/०८३-८४	केमिष्ट, इञ्जि., केमिष्ट्री	दलित	-	१ (एक)	१ (एक)		
४२.	१७३०३/०८३-८४	खाद्य अनुसन्धान अधिकृत, कृषि, खा.पो. तथा गु.नि.	खुला	-	१ (एक)	१ (एक)	२०८३।११।०३	२०८३।११।०४
४३.	१७३०४/०८३-८४	खाद्य अनुसन्धान अधिकृत, कृषि, खा.पो. तथा गु.नि.	आ.ज.	-	१ (एक)	१ (एक)		
४४.	१७३०५/०८३-८४	खाद्य अनुसन्धान अधिकृत, कृषि, खा.पो. तथा गु.नि.	मधेसी	-	१ (एक)	१ (एक)		
४५.	१७३०६/०८३-८४	**क.** वन अधिकृत, वन, जनरल फरेष्ट्री	खुला	-	१० (दश)	१० (दश)	२०८३।११।०५	२०८३।११।०६
		ख. संरक्षण अधिकृत, वन, ने.पा. एण्ड वा.ला.		-	३ (तीन)	३ (तीन)		
जम्मा				-	**१३ (तेह)**	**१३ (तेह)**		
४६.	१७३०७/०८३-८४	**क.** वन अधिकृत, वन, जनरल फरेष्ट्री	महिला	-	३ (तीन)	३ (तीन)		
		ख. संरक्षण अधिकृत, वन, ने.पा. एण्ड वा.ला.		-	१ (एक)	१ (एक)		
जम्मा					**४ (चार)**	**४ (चार)**		
४७.	१७३०८/०८३-८४	**क.** वन अधिकृत, वन, जनरल फरेष्ट्री	आ.ज.	-	२ (दुई)	२ (दुई)		
		ख. संरक्षण अधिकृत, वन, ने.पा. एण्ड वा.ला.		-	१ (एक)	१ (एक)		
जम्मा					**३ (तीन)**	**३ (तीन)**		
४८.	१७३०९/०८३-८४	**क.** वन अधिकृत, वन, जनरल फरेष्ट्री	मधेसी	-	१ (एक)	१ (एक)		
		ख. संरक्षण अधिकृत, वन, ने.पा. एण्ड वा.ला.		-	१ (एक)	१ (एक)		
जम्मा					**२ (दुई)**	**२ (दुई)**		
४९.	१७३१०/०८३-८४	**क.** संरक्षण अधिकृत, वन, ने.पा. एण्ड वा.ला.	दलित	-	१ (एक)	१ (एक)		
५०.	१७३११/०८३-८४	**क.** वन अधिकृत, वन, जनरल फरेष्ट्री	अपाङ्ग	-	१ (एक)	१ (एक)		
५१.	१७३१२/०८३-८४	**क.** वन अधिकृत, वन, जनरल फरेष्ट्री	पि.क्षे.	-	१ (एक)	१ (एक)		
५२.	१७३१३/०८३-८४	वैज्ञानिक अधिकृत, वन, वोटनी	खुला	-	१ (एक)	१ (एक)	२०८३।११।१०	२०८३।११।११
५३.	१७३१४/०८३-८४	वैज्ञानिक अधिकृत, वन, वोटनी	दलित	-	१ (एक)	१ (एक)		

५४.	१७३१५/०८३-८४	वातावरण निरीक्षक, वन, वातावरण	खुला	-	५ (पाँच)	५ (पाँच)	२०८३।११।२९	२०८३।११।३०
५५.	१७३१६/०८३-८४	वातावरण निरीक्षक, वन, वातावरण	महिला	-	१ (एक)	१ (एक)		
५६.	१७३१७/०८३-८४	वातावरण निरीक्षक, वन, वातावरण	आ.ज.	-	१ (एक)	१ (एक)		
५७.	१७३१८/०८३-८४	वातावरण निरीक्षक, वन, वातावरण	मधेसी	-	१ (एक)	१ (एक)		
५८.	१७३१९/०८३-८४	वातावरण निरीक्षक, वन, वातावरण	दलित	-	१ (एक)	१ (एक)		
५९.	१७३२०/०८३-८४	कम्प्युटर अधिकृत, विविध	खुला	-	३ (तीन)	३ (तीन)	२०८३।१२।०१	२०८३।१२।०२
६०.	१७३२१/०८३-८४	कम्प्युटर अधिकृत, विविध	महिला	-	१ (एक)	१ (एक)		
६१.	१७३२२/०८३-८४	कम्प्युटर अधिकृत, विविध	आ.ज.	-	१ (एक)	१ (एक)		
६२.	१७३२३/०८३-८४	कम्प्युटर अधिकृत, विविध	मधेसी	-	१ (एक)	१ (एक)		
६३.	१७३२४/०८३-८४	कम्प्युटर अधिकृत, विविध	दलित	-	१ (एक)	१ (एक)		
६४.	१७३२५/०८३-८४	कम्प्युटर इञ्जिनियर, विविध	खुला	-	३७ (सैंतीस)	३७ (सैंतीस)	२०८३।१२।०३	२०८३।१२।०४
६५.	१७३२६/०८३-८४	कम्प्युटर इञ्जिनियर, विविध	महिला	-	१० (दश)	१० (दश)		
६६.	१७३२७/०८३-८४	कम्प्युटर इञ्जिनियर, विविध	आ.ज.	-	८ (आठ)	८ (आठ)		
६७.	१७३२८/०८३-८४	कम्प्युटर इञ्जिनियर, विविध	मधेसी	-	७ (सात)	७ (सात)		
६८.	१७३२९/०८३-८४	कम्प्युटर इञ्जिनियर, विविध	दलित	-	३ (तीन)	३ (तीन)		
६९.	१७३३०/०८३-८४	कम्प्युटर इञ्जिनियर, विविध	अपाङ्ग	-	१ (एक)	१ (एक)		
७०.	१७३३१/०८३-८४	कम्प्युटर इञ्जिनियर, विविध	पि.क्षे.	-	१ (एक)	१ (एक)		
७१.	१७३३२/०८३-८४	अर्थशास्त्री, विविध	खुला	-	३ (तीन)	३ (तीन)	२०८३।१२।०५	२०८३।१२।०६
७२.	१७३३३/०८३-८४	अर्थशास्त्री, विविध	महिला	-	१ (एक)	१ (एक)		
७३.	१७३३४/०८३-८४	मुद्रण अधिकृत, शिक्षा, मुद्रण व्यवस्थापन, मुद्रण व्यवस्थापन	खुला	-	१ (एक)	१ (एक)	२०८३।१२।०९	२०८३।१२।१०
								तृतीय पत्र
७४.	१७३३५/०८३-८४	प्राविधिक अधिकृत, शिक्षा, शिक्षा प्रशासन, सामाजिक	आ.ज	-	१ (एक)	१ (एक)	**प्रथम पत्र** २०८३/१२/१६	२०८३/१२/१८
७५.	१७३३६/०८३-८४	प्राविधिक अधिकृत, शिक्षा, शिक्षा प्रशासन, गणित	दलित	-	१ (एक)	१ (एक)		२०८३/१२/१९
७६.	१७३३७/०८३-८४	पाठ्यक्रम अधिकृत/अनुसन्धान अधिकृत, शिक्षा, शिक्षा प्रशासन, संस्कृत	खुला	-	१ (एक)	१ (एक)	**द्वितीय पत्र** २०८३/१२/१७	२०८३/१२/१९
७७.	१७३३८/०८३-८४	पाठ्यक्रम अधिकृत/अनुसन्धान अधिकृत, शिक्षा, शिक्षा प्रशासन, संस्कृत	आ.ज	-	१ (एक)	१ (एक)		
७८.	१७३३९/०८३-८४	छविकार, शिक्षा, कला, छविकला	खुला	-	१ (एक)	१ (एक)	२०८३/१२/११	२०८३/१२/१२
७९.	१७३४०/०८३-८४	पुरातत्व अधिकृत, शिक्षा, पुरातत्व, पुरातत्व	खुला	-	४ (चार)	४ (चार)	२०८३/१२/१३	२०८३/१२/१४
८०.	१७३४१/०८३-८४	पुरातत्व अधिकृत, शिक्षा, पुरातत्व, पुरातत्व	महिला	-	१ (एक)	१ (एक)		
८१.	१७३४२/०८३-८४	पुरातत्व अधिकृत, शिक्षा, पुरातत्व, पुरातत्व	आ.ज	-	१ (एक)	१ (एक)		
८२.	१७३४३/०८३-८४	पुरातत्व अधिकृत, शिक्षा, पुरातत्व, पुरातत्व	मधेसी	-	१ (एक)	१ (एक)		
८३.	१७३४४/०८३-८४	पुरातत्व अधिकृत, शिक्षा, पुरातत्व, पुरातत्व	अपाङ्ग	-	१ (एक)	१ (एक)		
८४.	१७३४५/०८३-८४	संग्रहालय अधिकृत, शिक्षा, पुरातत्व, संग्रहालय	खुला	-	३ (तीन)	३ (तीन)		२०८३/१२/१५
८५.	१७३४६/०८३-८४	संग्रहालय अधिकृत, शिक्षा, पुरातत्व, संग्रहालय	महिला	-	१ (एक)	१ (एक)		
८६.	१७३४७/०८३-८४	संग्रहालय अधिकृत, शिक्षा, पुरातत्व, संग्रहालय	आ.ज	-	१ (एक)	१ (एक)		
८७.	१७३४८/०८३-८४	संग्रहालय अधिकृत, शिक्षा, पुरातत्व, संग्रहालय	मधेसी	-	१ (एक)	१ (एक)		

(ग) स्वास्थ्य सेवातर्फ

(अ) आठौं तह

क्र.सं.	विज्ञापन नम्बर	पद, सेवा, समूह, उपसमूह	विज्ञापनको किसिम	पुनः विज्ञापन पद संख्या	माग पद संख्या	जम्मा माग पद संख्या	लिखित परीक्षा कार्यक्रम (समय : बिहान ९:०० बजे)	
							प्रथम पत्र	द्वितीय पत्र
१.	१७३४९/०८३-८४	मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स.	खुला	-	२७ (सत्ताईस)	२७ (सत्ताईस)	२०८३/११/२७	२०८३/११/२८
२.	१७३५०/०८३-८४	मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स.	महिला	-	७ (सात)	७ (सात)		
३.	१७३५१/०८३-८४	मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स.	आ.ज.	-	६ (छ)	६ (छ)		
४.	१७३५२/०८३-८४	मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स.	मधेशी	-	५ (पाँच)	५ (पाँच)		
५.	१७३५३/०८३-८४	मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स.	दलित	-	२ (दुई)	२ (दुई)		
६.	१७३५४/०८३-८४	मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स.	अपाङ्ग	-	१ (एक)	१ (एक)		
७.	१७३५५/०८३-८४	मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स.	पि.क्षे.	-	१ (एक)	१ (एक)		
८.	१७३५६/०८३-८४	डेण्टल सर्जन, स्वास्थ्य, डेण्टिष्ट्री	खुला	-	४ (चार)	४ (चार)	२०८३/११/२९	२०८३/११/३०
९.	१७३५७/०८३-८४	डेण्टल सर्जन, स्वास्थ्य, डेण्टिष्ट्री	आ.ज.	-	१ (एक)	१ (एक)		
१०.	१७३५८/०८३-८४	डेण्टल सर्जन, स्वास्थ्य, डेण्टिष्ट्री	मधेशी	-	१ (एक)	१ (एक)		

११.	१७३५९/०८३-८४	आयुर्वेद चिकित्सक, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद	खुला	-	३ (तीन)	३ (तीन)	२०८३/१२/०१	२०८३/१२/०२
१२.	१७३६०/०८३-८४	आयुर्वेद चिकित्सक, स्वास्थ्य, आयु र्वेद, जनरल आयुर्वेद	दलित	-	१ (एक)	१ (एक)		
१३.	१७३६१/०८३-८४	होमियोप्याथी चिकित्सक, स्वास्थ्य, होमियोप्याथी	खुला	-	१ (एक)	१ (एक)	२०८३/१२/०३	२०८३/१२/०४
१४.	१७३६२/०८३-८४	वायोमेडिकल इञ्जिनियर, स्वास्थ्य, विविध, वायोमेडिकल इञ्जिनियरिङ्ग	खुला	-	३ (तीन)	३ (तीन)	२०८३/१२/०५	२०८३/१२/०६
१५.	१७३६३/०८३-८४	वायोमेडिकल इञ्जिनियर, स्वास्थ्य, विविध, वायोमेडिकल इञ्जिनियरिङ्ग	मधेशी	-	१ (एक)	१ (एक)		
१६.	१७३६४/०८३-८४	वायोमेडिकल इञ्जिनियर, स्वास्थ्य, विविध, वायोमेडिकल इञ्जिनियरिङ्ग	दलित	-	१ (एक)	१ (एक)		

(आ) सातौं तह

क्र.सं.	विज्ञापन नम्बर	पद, सेवा, समूह, उपसमूह	विज्ञापनको किसिम	पुनः विज्ञापन पद संख्या	माग पद संख्या	जम्मा माग पद संख्या	लिखित परीक्षा कार्यक्रम (समय : बिहान ९:०० बजे)	
							प्रथम पत्र	द्वितीय पत्र
१.	१७३६५/०८३-८४	नर्सिङ्ग अधिकृत, स्वास्थ्य, जनरल नर्सिङ्ग	आ.प्र.	-	१ (एक)	१ (एक)	२०८३/१२/०९	२०८३/१२/१०
२.	१७३६६/०८३-८४	नर्सिङ्ग अधिकृत, स्वास्थ्य, जनरल नर्सिङ्ग	खुला	-	१ (एक)	१ (एक)		
३.	१७३६७/०८३-८४	नर्सिङ्ग अधिकृत, स्वास्थ्य, जनरल नर्सिङ्ग	महिला	-	१ (एक)	१ (एक)		
४.	१७३६८/०८३-८४	नर्सिङ्ग अधिकृत, स्वास्थ्य, जनरल नर्सिङ्ग	आ.ज.	-	१ (एक)	१ (एक)		
५.	१७३६९/०८३-८४	मेडिकल ल्याब टेक्नोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे.	आ.प्र.	-	१ (एक)	१ (एक)	२०८३/१२/१५	२०८३/१२/१६
६.	१७३७०/०८३-८४	मेडिकल ल्याब टेक्नोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे.	खुला	-	१ (एक)	१ (एक)		
७.	१७३७१/०८३-८४	मेडिकल ल्याब टेक्नोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे.	महिला	-	१ (एक)	१ (एक)		
८.	१७३७२/०८३-८४	माइक्रोबायोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., माइक्रोबायोलोजी	दलित	-	१ (एक)	१ (एक)	२०८३/१२/२१	२०८३/१२/२२
९.	१७३७३/०८३-८४	जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हेल्थ इन्सपेक्सन	आ.प्र.	-	१ (एक)	१ (एक)	२०८३/१२/१३	२०८३/१२/१४
१०.	१७३७४/०८३-८४	जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हेल्थ इन्सपेक्सन	खुला	-	१ (एक)	१ (एक)		
११.	१७३७५/०८३-८४	जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हेल्थ इन्सपेक्सन	आ.ज.	-	१ (एक)	१ (एक)		
१२.	१७३७६/०८३-८४	फार्मेसी अधिकृत, स्वास्थ्य, फार्मेसी	आ.प्र.	-	१ (एक)	१ (एक)	२०८३/१२/११	२०८३/१२/१२
१३.	१७३७७/०८३-८४	फार्मेसी अधिकृत, स्वास्थ्य, फार्मेसी	खुला	-	२ (दुई)	२ (दुई)		
१४.	१७३७८/०८३-८४	फार्मेसी अधिकृत, स्वास्थ्य, फार्मेसी	आ.ज.	-	१ (एक)	१ (एक)		
१५.	१७३७९/०८३-८४	फिजियोथेरापिष्ट, स्वास्थ्य, फिजियोथेरापी	महिला	-	१ (एक)	१ (एक)	२०८३/१२/१७	२०८३/१२/१८
१६.	१७३८०/०८३-८४	रेडियोग्राफी टेक्नोलोजिष्ट, स्वास्थ्य, रेडियोग्राफी, रेडियोग्राफी	खुला	-	१ (एक)	१ (एक)	२०८३/१२/१९	२०८३/१२/२०
१७.	१७३८१/०८३-८४	क्लिनिकल साइकोलोजिष्ट, स्वास्थ्य, विविध, साइकोलोजि	आ.प्र.	-	१ (एक)	१ (एक)	पछि प्रकाशन गरिनेछ।	
१८.	१७३८२/०८३-८४	क्लिनिकल साइकोलोजिष्ट, स्वास्थ्य, विविध, साइकोलोजि	खुला	-	१ (एक)	१ (एक)		
१९.	१७३८३/०८३-८४	क्लिनिकल साइकोलोजिष्ट, स्वास्थ्य, विविध, साइकोलोजि	महिला	-	१ (एक)	१ (एक)		

(घ) राष्ट्रिय मानव अधिकार सेवा, अधिकृत तृतीय (अप्राविधिक)

क्र.सं.	विज्ञापन नम्बर	विज्ञापनको किसिम	पद	माग पद विवरण		
				पुनः विज्ञापन	माग पद संख्या	जम्मा माग पद संख्या
१.	१६६८८/०८३-८४	खुला	मानव अधिकार अधिकृत	-	४ (चार)	४ (चार)
२.	१६६८९/०८३-८४	महिला	मानव अधिकार अधिकृत	-	१ (एक)	१ (एक)
३.	१६६९०/०८३-८४	आ.ज.	मानव अधिकार अधिकृत	-	१ (एक)	१ (एक)
४.	१६६९१/०८३-८४	मधेशी	मानव अधिकार अधिकृत	-	१ (एक)	१ (एक)
५.	१६६९२/०८३-८४	दलित	मानव अधिकार अधिकृत	-	१ (एक)	१ (एक)
६.	१६६९३/०८३-८४	खुला	लेखा अधिकृत	-	१ (एक)	१ (एक)

न्याय सेवातर्फको संयुक्त लिखित परीक्षा कार्यक्रमः

पत्र	विषय	परीक्षा मिति	समय
प्रथम पत्र	शासन प्रणाली	२०८३/११/१२	दिनको २:०० बजे
द्वितीय पत्र	समसामयिक विषय	२०८३/११/१३	
तृतीय पत्र	समसामयिक कानून तथा अभ्यास	२०८३/११/१४	

परराष्ट्र, प्रशासन, लेखापरीक्षण र सङ्घीय संसद सेवातर्फः संयुक्त र एकीकृत लिखित परीक्षा कार्यक्रम

चरण/पत्र	विषय	परीक्षा मिति	समय
प्रथम चरण/प्रथम पत्र (सबै सेवा समूह)	प्रशासनिक अभिरुची परीक्षण	२०८३/९/२५	दिनको ११:०० बजे
द्वितीय चरण : (प्रथम चरणको परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरू मात्र द्वितीय चरणको परीक्षामा सम्मिलित हुन पाउनेछन्)			
द्वितीय पत्र (सबै सेवा समूहका लागि)	शासन प्रणाली	२०८३/११/१५	दिनको २:०० बजे
तृतीय पत्र (सबै सेवा समूहका लागि)	समसामयिक विषय	२०८३/११/१६	
चतुर्थ पत्र (प्रशासन र संघीय संसद सेवाका लागि)	सेवा/समूह सम्बन्धी	२०८३/११/१७	
चतुर्थ पत्र (लेखापरीक्षण सेवाका लागि)	सेवा/समूह सम्बन्धी	२०८३/११/१८	
चतुर्थ पत्र (परराष्ट्र सेवा Extra Paper I का लागि)	अंग्रेजी भाषा	२०८३/११/१९	
पाँचौं पत्र (परराष्ट्र सेवा Extra Paper II का लागि)	परराष्ट्र नीति तथा अन्तर्राष्ट्रिय सम्बन्ध	२०८३/११/२०	

राष्ट्रिय मानव अधिकार सेवातर्फः लिखित परीक्षा कार्यक्रम

पद	परीक्षा मिति (प्रथम पत्र)	परीक्षा मिति (द्वितीय पत्र)	समय (दुवै पत्रका लागि)
मानव अधिकार अधिकृत	२०८३/११/२६	२०८३/११/२७	दिनको २:०० बजे
लेखा अधिकृत		२०८३/११/२८	

द्रष्टव्यः *सम्मानित सर्वोच्च अदालतबाट रिट नम्बर ०७८-WO-०६६० उपर भएको उत्प्रेषण परमादेशको आदेश बमोजिम जारी हुने सङ्घीय निजामती सेवा ऐनमा समावेशी समूहको हकमा समेत पदसंख्या निर्धारण गर्न गरिने कानूनी व्यवस्था बमोजिम हुने गरी हाललाई निजामती सेवा ऐन, २०४९ बमोजिम यो विज्ञापन सूचना प्रकाशन गरिएको छ।*

परीक्षाको किसिमः- पाठ्यक्रममा तोकिए बमोजिम लिखित, सूचना प्रविधि सीप परीक्षण, प्रयोगात्मक, सामूहिक परीक्षण र अन्तर्वार्ता।

लिखित परीक्षाको माध्यम भाषाः- पाठ्यक्रममा तोकिए बमोजिम हुनेछ।

परीक्षा केन्द्रः-
- ☞ प्रथम चरण : आयोग अन्तर्गतका परीक्षा सञ्चालन गर्ने सबै कार्यालयहरू रहेका स्थानमा सञ्चालन हुनेछ।
- ☞ द्वितीय चरण : आयोगका धनकुटा, जलेश्वर, काठमाडौं, पोखरा, बुटवल, सुर्खेत र दिपायल कार्यालयहरूमा सञ्चालन हुनेछ।
- ☞ नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह अन्तर्गतका पदहरूको लिखित परीक्षा आयोगको धनकुटा, जलेश्वर, काठमाडौं, पोखरा, बुटवल, सुर्खेत र दिपायल कार्यालयहरूमा सञ्चालन हुनेछ।
- ☞ राष्ट्रिय मानव अधिकार सेवाका पदहरूको परीक्षा केन्द्र लोक सेवा आयोग, केन्द्रीय कार्यालयले तोकेबमोजिम हुनेछ।

दरखास्त दस्तुरः- प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु.१,२००।- (एक हजार दुई सय) बुझाउनु पर्नेछ। एकै सेवा/समूहको पदका समावेशी समूहतर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि रु.४००।- (चार सय) थप दस्तुर बुझाउनु पर्नेछ। साथै परराष्ट्र सेवा र लेखापरीक्षण सेवातर्फ समेत दरखास्त पेश गर्ने उम्मेदवारले सम्बन्धित सेवामा चिन्ह (✓) लगाई सेवा अनुसार थप रु.४०० (चार सय) दस्तुर बुझाउनुपर्नेछ।

दरखास्त दिने अन्तिम मितिः- २०८३/८/१५ र दोब्बर दस्तुर तिरी २०८३/८/२२ सम्म।

उम्मेदवारको उमेरको हदः-
- ☞ निजामती सेवा र मानव अधिकार सेवातर्फका पदहरूको हकमा २०८३/८/१५ सम्म २१ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारहरूको हकमा ४० वर्ष ननाघेको।
- ☞ नेपाल स्वास्थ्य सेवातर्फका पदहरूको हकमा २०८३/८/१५ सम्म २१ वर्ष उमेर पुरा भै ४५ वर्ष ननाघेको।
- ☞ **बहालवाला कर्मचारीको उमेर हदः-**
  - ❖ निजामती सेवाको हकमा निजामती सेवा ऐन, २०४९ को दफा १० को उपदफा (१) को खण्ड (ग) को देहाय ३ बमोजिम ।
  - ❖ नेपाल स्वास्थ्य सेवाको हकमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ को खण्ड (ग) बमोजिम।
- ☞ सम्मानित सर्वोच्च अदालतको मिति २०७९/१०/२० गतेको अन्तरिम आदेश बमोजिम उक्त मुद्दाको अन्तिम टुंगो नलागे सम्मका लागि लोक सेवा आयोगले मिति २०७६/२/१५ गते विज्ञापन प्रकाशन गरी स्थानीय तहका लागि लिएको परीक्षाबाट सिफारिस भई हाल कार्यरत बहालवाला सरकारी कर्मचारीको हकमा समेत निजामती सेवाका विज्ञापित पदमा उमेर हद लाग्ने छैन। यस्ता उम्मेदवारले सो व्यहोराको निवेदन अनलाइन दरखास्त प्रणालीको अनुभव (Experience) खण्डमा अपलोड गर्नुपर्नेछ।

दरखास्त दस्तुर बुझाउने विधि र स्थानः- दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणालीमार्फत विद्युतीय माध्यमबाट सोझै वा Master ID र कारोवार संकेत नम्बर उल्लेख भएको बैंक भौचर प्रिन्ट गरी तोकिएका बैंकबाट नगद समेत बुझाउन सकिनेछ।

दरखास्त दस्तुर बुझाउने अवधिः- तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर ढिलोमा २०८३/८/२३ गते सम्ममा बुझाई सक्नुपर्नेछ।

अपलोड गर्नुपर्ने कागजातहरूः- उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसाय अनुमति प्रमाणपत्र लगायत सम्बन्धित विज्ञापनका लागि तोकिएका सम्पूर्ण कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।

अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मितिः- लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा सूचना गरिनेछ।

पदमा रही गर्नुपर्ने कामको विवरणः- सेवा, समूह, उपसमूह सम्बन्धी।

तलबः- प्रचलित कानून बमोजिम।

सेवासम्बन्धी निकायः- सेवा, समूह, उपसमूहको प्रशासन सञ्चालन गर्न तोकिएका सम्बन्धित निकायहरू।

आवश्यक न्यूनतम शैक्षिक योग्यता

(क) निजामती तथा सङ्घीय संसद सेवातर्फः

खुलाको लागि

निजामती सेवा ऐन, २०४९ को दफा १० बमोजिम अयोग्य नभएको हुनुका साथै निजामती सेवा नियमावली, २०५० को नियम १५ बमोजिम तोकिएका देहाय अनुसारको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ।

१. **न्याय सेवा (न्याय, कानून, सरकारी वकिल समूह) को लागि :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातक तह उत्तीर्ण गरेको।

२. **परराष्ट्र सेवा, प्रशासन सेवा (सामान्य प्रशासन समूह) तथा सङ्घीय संसद सेवा (सामान्य प्रशासन समूह) को लागि :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।

३. **प्रशासन सेवा, लेखा समूहको लागि :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्र वा व्यापार प्रशासनमा लेखा वा वित्त विषय सहित स्नातक तह उत्तीर्ण वा कुनै विषयमा स्नातक तह सहित चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण।

४. **लेखापरीक्षण सेवाको लागि :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्र वा व्यापार प्रशासनमा लेखा वा वित्त विषय सहित स्नातक तह उत्तीर्ण गरेको वा कुनै विषयमा स्नातक तह सहित चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरेको।

५. **आर्थिक योजना तथा तथ्याङ्क सेवा, तथ्याङ्कः समूह, :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा गणित वा जनसंख्याशास्त्र वा एप्लाइड स्टाटिस्टिक्स विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण वा तथ्याङ्क विषय सहित कुनै विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण।

६. **इञ्जि., सिभिल, जनरलः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण।

७. **इञ्जि., सिभिल, हाइवेः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा हाइवे इञ्जिनियरिङ्ग वा ट्रान्स्पोर्टेशन इञ्जिनियरिङ्ग वा स्ट्रक्चरल इञ्जिनियरिङ्ग विषयमा कम्तीमा बी.ई. वा सो सरह उत्तीर्ण।

८. **इञ्जि., सिभिल, स्यानिटरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा स्यानिटरी इञ्जिनियरिङ्ग वा पब्लिक हेल्थ इञ्जिनियरिङ्ग विषयमा बी.ई.वा सो सरह उत्तीर्ण।

९. **इञ्जि., सिभिल, बिल्डिङ्ग एण्ड आर्किटेक्टः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्चर वा सिभिल वा बिल्डिङ्ग वा स्ट्रक्चरल वा टाउन प्लानिङ्ग वा स्ट्रक्चर वा क्वान्टिटी सर्भे वा अर्वन प्लानिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण।

१०. **इञ्जि., सिभिल, हाइड्रोपावरः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा सिभिल एण्ड इनभारोमेन्टल इञ्जिनियरिङ्ग वा हाइड्रोपावर इञ्जिनियरिङ्ग विषयमा बी. ई. वा सो सरह उत्तीर्ण।

११. **इञ्जि., इलेक्ट्रोनिक एण्ड टेलिकम्युनिकेशनः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातक भएको र आई.सी.ए.ओ. बाट मान्यता प्राप्त स्तरको एरोनटिकल रेडियो मेन्टेनेन्स तालिम प्राप्त वा एरोनटिकल रेडियो मेन्टेनेन्समा डिप्लोमा वा बी.ई. रेडियो इञ्जिनियरिङ्ग वा टेलिकम्यूनिकेशन इञ्जिनियरिङ्ग वा इलेक्ट्रोनिक इञ्जिनियरिङ्ग वा एयर नेभिगेशन इञ्जिनियरिङ्ग वा सो सरह उत्तीर्ण।

१२. **इञ्जि., मेकानिकल, जनरल मेकानिकलः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल इञ्जिनियरिङ्ग वा अटोमोवाइल इञ्जिनियरिङ्ग वा इण्डस्ट्रियल इञ्जिनियरिङ्गमा बी.ई. सो सरह उत्तीर्ण।

१३. **इञ्जि., केमिकल इञ्जिनियरिङ्ग.:-** मान्यता प्राप्त शिक्षण संस्थाबाट केमिकल इञ्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण वा केमिकल टेक्नोलोजी विषयमा बी.टेक वा सो सरह उत्तीर्ण वा पेट्रोलियम टेक्नोलोजि एण्ड म्यानेजमेन्ट विषयमा एम.एस्सी.वा सो सरह उत्तीर्ण।

१४. **इञ्जि., मेटेरियोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेटेरियोलोजी विषयमा बी.एस्सी. वा सो सरह वा विज्ञानमा स्नातक उपाधि हासिल गरी WMO को स्ट्याण्डर्ड अनुसार कम्तीमा एक वर्षको तालिम प्राप्त।

१५. **इञ्जि., जियोलोजी, जनरल जियोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट जियोलोजी र एप्लाइड जियोलोजी वा इञ्जिनियरिङ्ग जियोलोजी वा हाइड्रो जियोलोजी वा जियो केमिष्ट्री वा जियोलोजिकल इञ्जिनियरिङ्ग वा जियोफिजिक्स विषयमा एम.एस्सी. वा सो सरह उत्तीर्ण।

१६. **इञ्जि., जियोलोजी, इञ्जियरिङ्ग जियोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट इञ्जिनियरिङ्ग जियोलोजी विषयमा इञ्जिनियरिङ्ग जियोलोजी लिई जियोलोजी वा जियोफिजिक्स वा हाइड्रो जियोलोजी वा एप्लाइड जियोलोजी वा जियोलोजिकल इञ्जिनियरिङ्गमा एम.एस्सी. वा सो सरहको स्नातकोत्तर उपाधि प्राप्त गरेको वा जियोलोजी वा जियोफिजिक्स वा जियोलोजिकल इञ्जिनियरिङ्गमा एम.एस्सी. वा सो सरहको स्नातकोत्तर उपाधि प्राप्त गरी इञ्जिनियरिङ्ग जियोलोजी सम्बन्धी विषयमा ३ (तीन) महिनाको तालिम प्राप्त।

१७. **इञ्जि., सिभिल एभियशन अपरेशन एण्ड इञ्जिनियरिङ्ग, सिभिल एभियशन अपरेशनः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान वा व्यवस्थापन विषयमा स्नातक तह उत्तीर्ण गरेको र नेपाल नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान वा सो सरहका प्रशिक्षण केन्द्र जस्ता नागरिक उड्डयन सम्बन्धी मान्यता प्राप्त संस्थाबाट कम्तीमा एक वर्ष अवधिको आधारभूत एयर ट्राफिक सर्भिसेस तालिम प्राप्त ।

१८. **इञ्जि., सर्भेः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सर्भे वा जियोमेटिक्स इञ्जिनियरिङ्गमा स्नातक वा सो सरह उत्तीर्ण गरेको। ***मिति २०६८।७।२१*** *मा प्रकाशित राजपत्र भाग ५ को सूचना बमोजिम सम्वत् २०६८ साल भदौ १२ गतेको राजपत्रमा शैक्षिक योग्यता सम्बन्धी सूचना प्रकाशित हुनु अघि इञ्जिनियरिङ्ग सेवा, सर्भे समूहमा बहाल रहेका कर्मचारीको हकमा त्यस्तो सेवा, समूहमा प्रवेश गर्दा तोकिएको शैक्षिक योग्यता नै न्यूनतम शैक्षिक योग्यता मानिनेछ।*

१९. **इञ्जि., केमिष्ट्रीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट केमिष्ट्री विषयमा एम.एस्सी. वा सो सरह उत्तीर्ण।

२०. **कृषि, खा.पो. तथा गु.नि.**:- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा ४ वर्ष अवधिको खाद्य विज्ञान/खाद्य प्रविधि/खाद्य इञ्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तीर्ण वा साधारण विज्ञान विषयमा स्नातक तह उत्तीर्ण गरी खाद्य विज्ञान/खाद्य प्रविधि/खाद्य इञ्जिनियरिङ्ग/खाद्य सुरक्षा/खाद्य वायोटेक्नोलोजी/खाद्य माइक्रोवायोलोजी/खाद्य टक्सीकोलोजी/खाद्य वायोकेमिष्ट्री/मानव पोषण विषयहरूमध्ये कुनै एकमा कम्तीमा २ वर्ष अवधिको स्नातकोत्तर तह उत्तीर्ण।

कृषि सेवाका विभिन्न समूहः*-मिति २०६९।८।२५ मा प्रकाशित नेपाल राजपत्र भाग ५ को सूचना बमोजिम स्पष्टीकरणमा उल्लेख भए बमोजिम "माथि विभिन्न प्रकरणमा विभिन्न समूहहरूका विभिन्न श्रेणीहरूका लागि तोकिएको शैक्षिक योग्यता यो सूचना प्रकाशन हुनुभन्दा अगाडि सेवा प्रवेश गरेका निजामती कर्मचारीहरूको हकमा लागु हुने छैन र त्यस्ता निजामती कर्मचारीहरूको हकमा साविक नियममा उल्लेखित व्यवस्था अनुसार नै हुनेछ।*

२१. **वन, जनरल फरेष्ट्रीः**- मान्यता प्राप्त शिक्षण संस्थाबाट सिल्भिकल्चर, वनस्रोत मापन (फरेष्ट्र म्यान्सुरेसन), वन संरक्षण, वन अनुसन्धान, वन व्यवस्थापन र वन्यजन्तु संरक्षण मध्ये कम्तीमा तीन विषय लिई वन विज्ञानमा स्नातक वा सो सरह उत्तीर्ण।

२२. **वन, नेशनल पार्कस् एण्ड वाइल्ड लाइफः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञान वा वन्यजन्तु व्यवस्थापन वा वाइल्ड लाइफ इकोलोजी वा पार्कस् एण्ड रिक्रियसन वा प्राकृतिक श्रोत व्यवस्थापन विषयमा स्नातक वा सो सरह उत्तीर्ण।

२३. **वन, वोटनीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मूल विषय वोटनी लिई विज्ञानमा स्नातक वा सो सरह उत्तीर्ण ।

२४. **वन, वातावरणः**- मान्यता प्राप्त शिक्षण संस्थाबाट वातावरण विज्ञान वा वातावरण व्यवस्थापन वा वातावरण इञ्जिनियरिङ्ग विषयमा कम्तीमा चार वर्षको स्नातक तह वा सो सरह उत्तीर्ण ।

२५. **विविध, कम्प्युटर अधिकृतः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर साइन्समा स्नातक वा कम्प्युटर इञ्जिनियरिङ्गमा स्नातक वा प्रमुख विषय कम्प्युटर साइन्स लिई ३ वर्ष स्नातक वा विज्ञानमा (फिजिकल) स्नातक गरी स्वीकृत संस्थाबाट सिष्टम एनालिशिस् डिजाइन र सफ्टवेयर डेभलपमेन्टमा कम्तीमा ९ महिनाको डिप्लोमा प्राप्त।

२६. **विविध, कम्प्युटर इञ्जिनियरः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर इञ्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रोनिक इञ्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रिकल र इलेक्ट्रोनिक इञ्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रोनिक र कम्यूनिकेशन इञ्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण।

२७. **विविध, अर्थशास्त्रीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्रमा स्नातकोत्तर वा सो सरहको उपाधि प्राप्त।

२८. **शिक्षा, शिक्षा प्रशासन, सामाजिकः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट भूगोल, इतिहास, अर्थशास्त्र, राजनीतिशास्त्र वा सामाजिक शिक्षा मध्ये कुनै एक मूल विषय लिई शिक्षाशास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण।

२९. **शिक्षा, शिक्षा प्रशासन, गणितः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित मूल विषय लिई शिक्षाशास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण।

३०. **शिक्षा, शिक्षा प्रशासन, संस्कृतः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट संस्कृत मूल विषय लिई शिक्षाशास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण।

३१. **शिक्षा, कला, छविकलाः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट छविकलामा स्नातक सरहको डिग्री वा डिप्लोमा वा स्नातक भै छविकला वा रिप्रोगाफीमा कम्तीमा छ महिनाको तालिम प्राप्त ।

३२. **शिक्षा, मुद्रण व्यवस्थापन, मुद्रण व्यवस्थापनः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक र मुद्रण व्यवस्थापन वा मुद्रण प्रविधि सम्बन्धी ६ महिनाको संस्थागत तालिम तथा मुद्रण सञ्चालनमा ५ वर्षको अनुभव भएको।

३३. **शिक्षा, पुरातत्व, पुरातत्वः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट पुरातत्वमा स्नातक वा सो सरह उत्तीर्ण ।वा इतिहास वा संस्कृतिमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण ।वा स्नातक वा सो सरह भै पुरातत्व वा नृतत्व वा अभिलेख विज्ञानमा डिग्री वा डिप्लोमा उत्तीर्ण ।

३४. **शिक्षा, पुरातत्व, संग्रहालयः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट संग्रहालय विज्ञानमा स्नातक वा सो सरह उत्तीर्ण ।वा इतिहास वा संस्कृतिमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण वा स्नातक वा सो सरह भै संग्रहालय विज्ञानमा डिप्लोमा उत्तीर्ण ।

(ख) राष्ट्रिय मानव अधिकार सेवा (अप्राविधिक)तर्फः

राष्ट्रिय मानव अधिकार सेवाको कर्मचारीहरूको सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली, २०७२ (संशोधनसहित) को नियम १४ बमोजिम अयोग्य नभएको हुनुका साथै नियम १२ बमोजिम देहाय अनुसारको योग्यता भएको हुनुपर्नेछ।

१. **मानव अधिकार अधिकृत पदको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।

२. **लेखा अधिकृत पदको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित, तथ्याङ्क शास्त्र वा जनप्रशासनमध्ये कुनै मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।

(ग) स्वास्थ्य सेवातर्फः

(क) नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनुका साथै नेपाल स्वास्थ्य नियमावली, २०५५ को अनुसूची-६ मा उल्लेखित न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ।

(ख) दरखास्त दिने उम्मेदवारहरू दरखास्त दिने अन्तिम मितिसम्ममा अनिवार्य रुपमा आफ्नो सेवा, समूहसँग सम्बन्धित व्यावसायिक परिषद्मा दर्ता भई म्याद कायम रहेको हुनुपर्नेछ।

(ग) राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ३८ अनुसार छात्रवृत्तिमा अध्ययन गरी कबुलियतनामा बमोजिम सेवा गरिरहेका उम्मेदवारको हकमा राष्ट्रिय चिकित्सा शिक्षा नियमावलीको नियम २२ को उपनियम (५) बमोजिमको अवधि पूरा भएको प्रमाण पेश गर्नुपर्नेछ ।

खुलाको लागि

१. **मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स., आठौं तहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरह उपाधि प्राप्त।

२. **डेण्टल सर्जन, स्वास्थ्य, डेण्टिष्ट्री, आठौं तहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट वि.डि.एस्सी. वा वि.डि.एस. उपाधि प्राप्त।

३. **आयुर्वेद चिकित्सक, स्वास्थ्य, आयूर्वेद, जनरल आयूर्वेद, आठौं तह :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद चिकित्सामा स्नातक उपाधी प्राप्त ।

४. **होमियोप्याथी चिकित्सक, स्वास्थ्य होमियोप्याथी, आठौं तहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट होमियोप्याथीमा स्नातक उपाधी प्राप्त ।

५. **वायोमेडिकल इञ्जिनियर, स्वास्थ्य, विविध, वायोमेडिकल इञ्जिनियरङ्ग, आठौं तहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट वायोमेडिकल इञ्जिनियरङ्ग वा मेडिकल इलेक्ट्रोनिक इञ्जिनियरङ्ग विषयमा स्नातक उपाधि प्राप्त ।

६. **जनस्वास्थ्य अधिकृत, स्वास्थ्य हेल्थ इन्सपेक्सन, सातौं तहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातकोपाधी प्राप्त ।

७. **मेडिकल ल्याव टेक्नोलोजिस्ट, स्वास्थ्य, मे.ल्या.टे, ज.मे.ल्या.टे, सातौं तहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याब टेक्नोलोजिमा स्नातक उपाधी प्राप्त ।

८. **माइक्रोबायोलोजिस्ट, स्वास्थ्य, मे.ल्या.टे, माइक्रोबायोलोजी, सातौं तह :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल माइक्रोवायोलोजीमा स्नातक उपाधी प्राप्त ।

९. **फिजियोथेरापिष्ट, स्वास्थ्य फिजियोथेरापी, सातौं तह :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजियोथेरापीमा स्नातक तह उत्तीर्ण ।

१०. **फार्मेसी अधिकृत, स्वास्थ्य, फार्मेसी, सातौं तहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसीमा स्नातक तह उत्तीर्ण।

११. **नर्सिङ्ग अधिकृत, स्वास्थ्य, जनरल नर्सिङ्ग, सातौं तहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा स्नातकोपाधि प्राप्त।

१२. **रेडियोग्राफी टेक्नोलोजिष्ट, स्वास्थ्य, रेडियोग्राफी, रेडियोग्राफी, सातौं तहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफीमा स्नातक उपाधि प्राप्त।

१३. **क्लिनिकल साइकोलोजिष्ट, स्वास्थ्य, विविध, साइकोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट साइकोलोजी विषय लिई स्नातक उपाधि प्राप्त ।

स्वास्थ्य सेवातर्फ दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष सूचना

स्वास्थ्य सेवा, सातौं तह (आ.प्र.) तर्फका प्रतियोगितात्मक परीक्षातर्फका पदहरूमा अनलाईन दरखास्त दिने उम्मेदवारहरूले आफूले दरखास्तमा उल्लेख गरेका कागजातहरूको प्रतिलिपि पेश गर्ने विषयको चेकलिष्ट लोक सेवा आयोगको वेवसाइट www.psc.gov.np को डाउनलोड मेनुबाट डाउनलोड गरी उक्त चेकलिष्टमा उल्लेखित कागजपत्रहरूको प्रतिलिपि एक/एक प्रति उम्मेदवार स्वयंले प्रमाणित गरी चेकलिष्टसमेत भरी फाइलमा संलग्न गरी दरखास्त दिने अन्तिम मितिको ७ (सात) दिन भित्र रुजु प्रयोजनका लागि दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर काठमाडौंमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ। यसरी रुजु भएपछि सम्बन्धित पदका लागि योग्य ठहरिएका उम्मेदवारको मात्र दरखास्त स्वीकृत गरिनेछ।

सबै उम्मेदवारका लागि थप सर्त तथा निर्देशनहरू

१. दरखास्त दिन चाहने उम्मेदवारले विज्ञापनमा तोकिएका कागजातहरू दरखास्त दिने समयमा तयार गरी पेश गर्नुपर्दछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ। उल्लेखित कागजातहरू दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसुकै समय दरखास्त रद्द हुन सक्नेछ।

२. दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सोही मिति भित्र सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको उपाधिको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ।

३. आयोगबाट प्रकाशित विज्ञापनको दरखास्त फाराम भर्ने म्यादभित्र विश्वविद्यालयबाट परीक्षाको नतिजा प्रकाशन भएको तर मूल प्रमाणपत्र जारी भै नसकेको अवस्थामा अध्ययन गरेको संस्थाबाट निज उम्मेदवार उत्तीर्ण भएको व्यहोरा लेखिएको पत्रसाथ उत्तीर्ण गरिसकेको (सबै वर्ष सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल समेत) का

मार्कसिटहरू समेत संलग्न राखी दरखास्त फाराम पेश गर्न सकिनेछ। त्यसरी दरखास्त फाराम पेश गर्ने उम्मेदवारले दरखास्त पेश गरेको पदका लागि आवश्यक योग्यताका मूल प्रमाणपत्रहरू जारी हुनासाथ अपलोड गनुपर्नेछ।

४. नेपाल इञ्जिनियरिङ्ग सेवाको हकमा सम्बन्धित समूह तथा उपसमूहको रिक्त पदमा खुला प्रतियोगिताद्वारा पूर्ति गर्दा निजामती सेवा ऐन, २०४९ को दफा १० बमोजिम अयोग्य नभएका र नेपाल इञ्जिनियरिङ्ग सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५१ को अनुसूची-३ बमोजिमको न्यूनतम योग्यता पुगेका व्यक्तिहरू उम्मेदवार हुन सक्नेछन्। उल्लिखित योग्यताको अतिरिक्त प्रचलित कानून बमोजिम नेपाल इञ्जिनियरिङ्ग परिषद्मा नाम दर्ता भएको हुनुपर्नेछ। इञ्जिनियरिङ्ग उपाधि बाहेक अन्य शैक्षिक योग्यता तोकिएको भएमा त्यस्तो उम्मेदवारको हकमा नेपाल इञ्जिनियरिङ्ग परिषद्मा नाम दर्ता भएको हुनु पर्ने छैन।

५. प्रथम चरणको लिखित परीक्षामा उत्तीर्ण उम्मेदवार मात्र द्वितीय चरणको परीक्षामा समावेश हुन पाउनेछन्।

एकीकृत तथा संयुक्त परीक्षा हुने र समावेशी समूह सहितका विज्ञापनमा दरखास्त फाराम पेश गर्दा उम्मेदवारले ध्यान दिनु पर्ने कुरा

एकीकृत तथा संयुक्त परीक्षा हुने र समावेशी समूह सहितका विज्ञापनमा अनलाईनमार्फत दरखास्त फाराम पेश गर्दा उम्मेदवारले दरखास्त पेश गर्न चाहेका सबै सेवा/समूह र समावेशी समूहका लागि एकसाथ दरखास्त पेश गर्नुपर्नेछ।

समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरूको लागि आवश्यक पर्ने थप कागजातहरू

(क) **आदिवासी/जनजातिका हकमाः-** नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(ख) **मधेशीका हकमाः-** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराएको कागजात।

(ग) **दलितका हकमाः-** राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(घ) **अपाङ्गका हकमाः-** समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र।

(ङ) **पिछडिएको क्षेत्रका हकमाः-** निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७), सङ्घीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा १७ को उपदफा (६) को स्पष्टीकरण खण्ड (१) तथा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (५) को स्पष्टिकरण खण्ड (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फारम भर्ने दिन भन्दा ३ महिना अगाडी सम्मको सिफारिशको आधारमा।

(च) स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) मा उल्लेख भएको जिल्लामा विवाह गरी वा बसाईँसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाईँसराइको हकमा छाडेको र गएको स्थानीय तह/निकायको बसाईँसराइ गरेको खुल्ने कागजात।

द्रष्टव्य

(क) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरूको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनुपर्नेछ।

(ख) दरखास्त दिने दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(घ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा १० (दश) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राखु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन।

(ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनि उल्लेख गरिएका काजगातहरूको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सोही मिति भित्र सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको उपाधिको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ।

(छ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(ज) परीक्षा प्रयोजनका लागि आयोगबाट तोकिएका शर्त र निर्देशनको उम्मेदवारले पालना गर्नुपर्नेछ।

(झ) पाठ्यक्रममा उल्लेखित परीक्षा योजनाको विषयमा उम्मेदवार स्वयं जानकार हुनुपर्नेछ।

(ञ) पाठ्यक्रम आयोगको वेबसाइट www.psc.gov.np बाट प्राप्त गर्न सकिनेछ।